# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौ, फागुन ४ गते २०२१ साल

श्री ५ को सरकार

### नहर तथा विद्युत् मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन,२०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित जग्गा काठमाडौं खाने पानी योजनाको निमित्त सफा पानी पोखरी बनाउन (सधैंको लागि र २ वर्षको लागि) प्राप्त गर्ने मिति २०२१।९।२५ मा निर्णय गरेकोले जग्गा धनीलाई सो जग्गाको मोल र जग्गा लिंदाको अरू नोक्सानीबापत उक्त ऐनबमोजिम क्षतिपूर्ति र मुनासिबमाफिकको रकम दिइने हुंदा यो सूचना प्रकाशित गरिएको छ।

सधैंको निमित्त लिने

१. काठमाडौं जिल्ला सुन्धरीजल, सडक, १०० र ९७ नं. कित्तामध्येका जग्गाबाट दक्षिण ८८,९०,९७ र ८९ नं. कित्ता जग्गाबाट उत्तर, खहरे कुलो ९९,९८ नं. कित्ता जग्गाबाट पूर्व र ९० र ९७ नं. कित्ता जग्गाबाट पश्चिम यति ४ किल्लाभित्र र १००,९७,१०१,१०२, १०३,१०४ र १०५ नं. कित्ता जग्गामध्ये र चौर सडकदेखि पूर्व १०१,१०२,१०५,१०६, १०७ र सडकदेखि पश्चिम ९७,१०१ र १८३ नं. कित्ताका जग्गाबाट उत्तर सडक र १०५,१०६ नं. कित्ताका जग्गाबाट दक्षिण, समेत यति ४ किल्लाभित्रको श्री शैलमतेश्वर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४/६३

महादेवका पूजा गुठीको पुजाहारी श्री गोपालप्रसादलाई तिरो धान ।१२।२।६ गहुँ ।.।५।१ घिऊ रू. ।२।२ तिर्नुपर्ने र काठमाडौं माल पहिलामा मालपोत धान ६।१।५।४ गहुँ ।१५ घिउ रू. ।५०।३ तिर्नुपर्नेसमेत जग्गा रोपनी १०।६।। ( दश रोपनी सात आना दुई पैसा ) ।

२ वर्षको निमित्त लिने

२. काठमाडौं जिल्ला सुन्दरीजल, सडकका पश्चिम किनारादेखि पूर्व, ८८,८६,६०,६७ नं. र खहरे कुलोदेखि पश्चिम, सडक र सिद्धिमानको जग्गा ८८ नं. रुद्रकुमारीको जग्गादेखि उत्तर, सडक र खहरे कुलो ६७ नं. कित्ताका जग्गादेखि दक्षिण यति ४ किल्लाभित्रको सडक र कुलो २। र काठमाडौं माल पहिलामा मालपोत तिर्नुपर्ने आवादी जग्गा रोपनी ३।।= समेत जम्मा रोपनी ५।।।= ( पांच रोपनी चौध आना ) ।

आज्ञाले–

लक्ष्मणप्रसाद रिमाल,

श्री ५ को सरकारको सह–सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

264